नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक २४३ २०८२ साल बैशाख १६ गते मंगलबार (29 Apr. 2025 Tuesday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : 'एनडिसी तेस्रो' : जलवायु ... ३ पृष्ठमा : शिक्षकलाई विद्यालय ... ३ पृष्ठमा : भारतमा पाकिस्तानका १६ युट्युब ...

## छोरा मृत अवस्थमा फेला परेपछि आमा बुबाद्वारा छानवीनको माग

**दैनिक समाचारदाता**
**राजविराज, १५ बैशाख ।**

दुई दिनअघि मृत अवस्थामा फेला परेका १५ वर्षिय सहनबाज शेखका आफन्तले घटनाको सत्यतथ्य छानविन हुनु पर्ने माग गरेका छन ।

राजविराज ६ पुर्णी पोखरी टोल निवासी सहनवाजको दुई दिन अघि मृत्यु भएको थियो ।

राजविराज ३ स्थित कल्टुदास पोखरीको डिलमा अचेत अवस्थामा रहेको भन्दै स्थानीयले खबर गरेपछी पुगेको प्रहरी टोलीले उनलाई तत्कालै उद्धार गरी गजेन्द्र नारायण सिह अस्पताल पुऱ्याएका थिए । जहाँ चिकित्सकले उनलाई मृत घोषित गरेको थियो ।

बाहिरी चोट खासै नदेखिए पनि आईतवार पोस्टर्माटम कक्षमा राखेर परिक्षण गर्दा घाँटी र हातको भित्री भागमा चोट देखिएपछि थप परिक्षण र पोस्टर्माटमका लागी धरान स्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान रेफर गरिएको डा.अमित यादवले बताए ।



मृतकका आमा सोनी खातुनले घटनाका दिन राती ७.४५ बजे तिर छोरा सहनवाजको मोवाइलमा कसैले फोन गरेको बताइन् । छोराले केही बेरमा आइहाल्छु भन्दै घरबाट निस्केको उनको भनाई छ ।

राजविराज ८ स्थित पिसल्याण्ड बोडिङ्ग स्कुलमा कक्षा ८ मा अध्ययनरत छोरालाई कसैले कुटपीट गरी मारेको हुन सक्ने आशंका उनका बुवा सनावरले गरेका छन । रातीको समयमा सहनावाजलाई मोवाइलमा फोन गर्ने ब्यक्तिको थिए ? र किन बोलाएका थिए ? भन्ने तर्फ पनि अनुसन्धान अघि बढाउनु पर्ने परिवारजनको माग छ ।

वडा अध्यक्ष शशी चौधरीले पनि सहनवाजको मृत्यु प्रकरणबारे सुक्ष्म अनुसन्धान हुनुपर्ने बताएका छन ।

प्रहरी नायब उपरिक्षक जीतेन्द्र कुमार वस्नेतले प्रारम्भिक अनुसन्धानमा कुटपिटबाट नभई लडेर उनको मृत्य भएको पाइएको बताएका छन । यद्यपी अनुसन्धान कार्य जारी रहेको उनको भनाई छ ।

## आमाले विषपान गराएका छोराको मृत्यु, आफू गम्भिर

**दैनिक समाचारदाता**
**राजविराज, १५ बैशाख ।**

सप्तरीमा एक महिलाले आफूसहित नावालक छोरालाई समेत विषपान गराएकी छिन् । सो विष सेवनबाट उनका चार बर्षीय छोरा सौरभको उपचारको क्रममा मृत्यु भएको छ भने आमाको अवस्था गम्भिर छ ।

राजविराज नगरपालिका १ चनौरा घर भएका अनिल कुमार साफीकष्भसी २५ बर्षीया श्रीमति काजल देवी साफीले घरायसी विवादका कारण नाम नखुलेको किरा मार्ने विषादी आफू समेत छोरालाई पनि खुवाएकी थिईन् ।

विष खुवाउँदा सिकिस्त भएका उनका चार बर्षीय छोरालाई उपचारका लागि स्थानिय गजेन्द्रनारायण सिंह अस्पताल पुऱ्याइएको थियो । त्यहा उपचार सम्भव नभएपछि थप उपचारका लागि धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान हुँदै विराटनगरस्थित नोवेल अस्पताल पुऱ्याईको र उपचारकै क्रममा उनको मृत्यु भएको जिल्ला प्रहरी कर्यालय सप्तरीका प्रवक्ता जितेन्द्र कुमार बस्नेतले जानकारी दिए ।

विष सेवनबाट आमा काजल पनि अति सिकिस्त अवस्थामा रहेको र उनको उपचार नोवेल अस्पताल विराटनगरमा भईरहेको प्रहरीले जनाएको छ ।

घरायसी विवादका कारण उक्त घट्ना भएको भन्दै प्रहरीले यसबारे थप अनुसन्धान भईरहेको जनाएको छ ।

## सप्तरीका ५ जनासहित २१ जना १७ अर्ब रुपैयाँभन्दा बढीको अवैध कारोबार गरेको आरोपमा पक्राउ



तस्बिर : अनलाइन खबर

**दैनिक समाचारदाता**
**राजविराज, १५ बैशाख ।**

प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) को टोलीले सप्तरीका ५ जनासहित विभिन्न ११ जिल्लाबाट २१ जनालाई १७ अर्ब रुपैयाँभन्दा बढीको अवैध कारोबार गरेको आरोपमा पक्राउ गरेको छ ।

पक्राउ परेकाहरूलाई सीआईबीले सोमबार सार्वजनिक गरेको छ । पक्राउ पर्नेमा सप्तरीका तारालाल यादव, रामविलास साह तेली, ममता कुमारी, सुशीलाकुमार साहु र शम्भु मेहता छन् ।

यस्तै मोरङका वीरेन्द्रप्रसाद साह, सोही ठाउँका दीपेन्द्रप्रसाद साह, महोत्तरीका श्रवणकुमार साह, सर्लाहीका हरेराम महतो, धनुषाका निरोजकुमार महतो, सोही जिल्लाका अलिता देवी महतो, प्रकाश सिंह, अरुणकुमार साह, सञ्जिवकुमार महतो छन् ।

यसैगरी पक्राउ पर्नेमा पर्साका प्रदीपकुमार साह, नवलसरासीका राजकमल लोनिया, भीमकुमार गुरुङ, पर्साका बिकर्णजंग राणा, नवलपरासीका गणपति पाण्डे, वीरगञ्जका सलमा खातुन र चितवनका गोविन्दप्रसाद आचार्य छन् ।

उनीहरूले १७ अर्ब ८६ करोड ७० लाख ३९ हजार १०७

*बाँकी अन्तिम पृष्ठमा*

## कारागारबाट कैदी फरार




**दैनिक समाचारदाता**
**राजविराज, १५ बैशाख ।**

कारागार कार्यालय सप्तरीबाट आइतबार राती एक कैदी फरार भएका छन् । चोरी मुद्दामा धरौटी बुझाउन नसकेर कैदी बन्दी बिताइरहेका सप्तरीको शम्भुनाथ नगरपालिका ११ घर भएका ३५ बर्षीय रामानन्द मंडल आइतवार राति कारागारबाट फरार भएका हुन् ।

आइतवार राति हवाहुरी र चट्यांगका कारण विद्युत अवरुद्ध भएको र सोही मौका छोपेर कैदी मंडल फरार भएको कारागार कार्यालय सप्तरीका प्रमुख मातृका प्रसाद दाहालले जानकारी दिएका छन् ।

घट्नाबारे सोमवार विहानै जानकारी पाएसंगै डिउटीमा रहेका प्रहरी कर्मचारीहरु माथि आवश्यक अनुसन्धान शुरु गरि फरार भएका कैदी मंडलको खोजी कार्य भईरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरीक्षक ढकेन्द्र खतिवडाले जानकारी दिए ।

काठमाडौं जिल्ला अदालतमा दायर भएको चोरी मुद्दामा एक लाख ४० हजार घरौट अदालतले मागेपछि सो तिर्न नसकेर कारागार चलान गरिएका मंडललाई केन्द्रिय कारागार काठमाडौंले २०८१ पुष ६ गते राजविराजमा पठाएको कारागार कार्यालय प्रमुख दाहालले बताए ।

**विद्यार्थी भर्ना अभियानमा सवैले योगदान गरौं**

- विद्यालयले आ-आफ्नो सेवा क्षेत्रभित्रका अभिभावकलाई टेलिफोन, इन्टरनेट, रेडियो, टेलिभिजन तथा सामाजिक सञ्जालबाट सूचना प्रवाह गर्ने,
- अभिभावकविहीन बालबालिकाको अध्ययनमा सहयोग गर्ने व्यक्ति तथा संस्थाको पहिचान र उचित सम्मान गर्ने,
- सामुदायिक सिकाइकेन्द्रहरुले विद्यालयबाहिर रहेका बालबालिकाको लगत संकलन गर्ने,
- सार्वजनिक जीवनका व्यक्तिहरुले विद्यालय उमेर समूहका , सीमान्तकृत समूहका, अपाङ्गता भएका बालबालिकाका लागि विद्यालय भर्नाको पहल गर्ने,
- स्थानीय तहले भर्ना अभियानको नेतृत्व गर्ने ।

सबै बालबालिकाको विद्यालयमा सहभागिता, गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

# सप्तरीमा व्यापार चौपट, ध्यान दिनु आवश्यक

सप्तरी नेपालका प्रमुख तराई जिल्लामध्ये एक, ऐतिहासिक रूपमा व्यापारिक गतिविधिको केन्द्र रहँदै आएको छ। भारतसँग खुला सीमा जोडिएको तथा उर्वर भू-भाग भएको कारण यहाँको व्यापारिक गतिविधिले जिल्लाको मात्र होइन, समग्र मधेश प्रदेशको आर्थिक विकासमा उल्लेखनीय भूमिका खेलेको छ। तर हालको परिस्थितिमा सप्तरीको व्यापार चौपट भएको तीतो यथार्थ देखिएको छ। विगत केही वर्षदेखि सीमावर्ती समस्याहरू, प्रशासनिक असक्षमता, अनियन्त्रित तस्करी, नीतिगत अस्थिरता, र विशेषगरी कोरोनापछिको आर्थिक मन्दीका कारण यहाँको व्यापार सुस्ताएको छ। बजारमा खरिद शक्ति घटेको छ, साना व्यापारीहरू ऋणमा फस्न थालेका छन्, र कतिपय उद्योग व्यवसायहरू बन्द अवस्थामा पुगेका छन्। स्थानीय बजारहरू जस्तै राजविराज, कंचनपुर, हनुमाननगर लगायतका क्षेत्रमा व्यवसायीहरू दिनदिनै घाटामा जान बाध्य छन्।

सप्तरीको व्यापार चौपट हुनुमा खुला सीमाको दुरुपयोग समेत प्रमुख कारण बनेको छ। भारतबाट सस्तो सामान अवैध रूपमा भित्रिनुले नेपाली बजारमा प्रतिस्पर्धा असमान बनाएको छ। स्वदेशी उत्पादन कमजोर पारिँदैछ भने व्यापारीहरूले करको मार व्यहोर्नु परिरहेको छ। यस्तै, सीमा नाकाहरूमा हुने अनियमितता र अव्यवस्थित प्रशासनले व्यापार गर्न सहज वातावरण सिर्जना गर्न सकेको छैन। यस स्थितिलाई उल्ट्याउन अब राज्यको ध्यान तानिनु जरुरी भइसकेको छ। सीमा क्षेत्रमा व्यवस्थित व्यापार नीति लागू गर्दै अनधिकृत आयात निरुत्साहित गर्नुपर्छ। व्यापारीहरूलाई सहुलियतपूर्ण ऋण, कर छुट, तथा तालिम कार्यक्रमहरू मार्फत सहयोग प्रदान गर्नु आवश्यक छ। साथै, स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्ने र बजार सञ्जाल विस्तार गर्नेतर्फ पनि गम्भीर प्रयास गर्नुपर्छ।

सप्तरीमा व्यापार पुनः जीवन्त बनाउन सरकारी सक्रियता, निजी क्षेत्रको लगानीमा प्रोत्साहन र सीमा व्यवस्थापन सुधार अपरिहार्य भइसकेको छ। व्यापार चौपट हुने क्रम रोक्न नसके यसको प्रभाव सामाजिक र आर्थिक क्षेत्रमा गम्भीर रूपमा पर्नेछ। तसर्थ सप्तरीलाई फेरि आर्थिक समृद्धिको बाटोमा लैजान अब सशक्त र दीर्घकालीन रणनीति आवश्यक छ।


**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288

**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**

**Dr. Jayanti Yadav**

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312

**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# 'एनडिसी तेस्रो' : जलवायु मुद्दामा नेपालको प्राथमिकता

**सविन शर्मा**

काठमाडौं, १५ वैशाख (रासस)।

नेपाल विश्वको कुल हरितगृह ग्यास उत्सर्जनमा शून्य दशमलव एक प्रतिशतभन्दा पनि कम योगदान गर्ने मुलुक हो। आज जलवायु सङ्कटको विश्वव्यापी बहसमा 'नेट-शून्य उत्सर्जन' को नारा लिएर नेपाल उभिएको छ। यति थोरै योगदान भएको मुलुकले आफ्नो भविष्य, अस्तित्व र विकासको बाटोमा यो सङ्कटबाट सुरक्षित राख्न नीतिगत प्रयास गर्नु राम्रो विषय हो। तर, यो प्रयासका लागि करिब ८९ अर्ब डलरको लागतमा 'उत्सर्जन न्यूनीकरण' योजना बन्छ र 'जलवायु अनुकूलन' तथा 'क्षति-नोक्सानी' लाई मात्र १० देखि १२ अर्ब अर्थात् आठ भाग जति बजेट छुट्याउने योजना रहेको देखिन्छ। यो विषय हामीमा प्रश्न उठ्छ, के नेपालको प्राथमिकता जलवायु न्यायअनुरूप छ त ? अझै प्रश्न उठ्छ के त्यो पनि अन्तरराष्ट्रिय दबाब र वित्तीय सहायताको परिप्रेक्ष्यमा परिभाषित भइरहेको त छैन ?

जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय खाका (प्रारुप) महासन्धि (युएनएफसिसिसी)को पक्ष राष्ट्रहरूको २१औँ सम्मेलनअन्तर्गत पेरिस सम्झौताले विश्वको औसत तापक्रम वृद्धि एक दशमलव पाँच डिग्री सेल्सियसमा सीमित राख्ने र दुई डिग्री सेल्सिएसभन्दा बढ्न नदिने लक्ष्य राखेको छ। यो लक्ष्य प्राप्त गर्नका लागि पेरिस सम्झौताको पक्ष राष्ट्रहरूले प्रत्येक पाँच वर्षमा राष्ट्रिय निर्धारित योगदान (एनडिसी) पेस गर्नुपर्ने प्रावधान रहेको छ। साथै, पेरिस सम्झौताको प्रभावकारी कार्यान्वयन गर्न यस सम्झौताको धारा १३ ले एक परिष्कृत पारदर्शिता खाका स्थापना गरेको छ। नेपालले सन् २०१६ र २०२० मा पहिलो र दोस्रो राष्ट्रिय निर्धारित योगदान तयार गरी युएनएफसिसिसीको सचिवालयमा पेस गरेको थियो। सन् २०२५ भित्र तेस्रो एनडिसी पेस गरी परिष्कृत पारदर्शिता खाको अङ्गिकार गर्नुपर्ने प्रावधानलाई मध्यनजर गर्दै नेपालले हरितगृह ग्यास उत्सर्जन न्यूनीकरण गर्न जलवायु अनुकूलनसम्बन्धी परिमाणात्मक र नीतिगत लक्षहरू आवधिक रूपमा परिमार्जन गरी तेस्रो एनडिसी तपार पारेको हो।

तेस्रो राष्ट्रिय निर्धारित योगदान (एनडिसी तेस्रो) हेर्दा नेपालको प्राथमिकतामा कार्बन उत्सर्जन न्यूनीकरणलाई प्राथमिकतामा राखेको देखिन्छ। चालीस पृष्ठको कार्ययोजनामध्ये २२ पृष्ठ 'मिटिगेसन'मा नै केन्द्रित देखिन्छ। जबकि अनुकूलन कार्ययोजनाका लागि जम्मा पाँच पृष्ठमा समेटिएको छ। साथै क्षति र नोक्सानीलाई मात्र दुई पृष्ठ छुट्याइएको छ। यस्तो असन्तुलनले नेपालको प्रतिबद्धतामा जलवायु सङ्कटको वास्तविकता र प्राथमिकताको गहिरो विरोधाभास देखाउँछ। नेपाल विश्वका १०औँ सबैभन्दा जलवायु संवेदनशील देशहरूमध्ये पर्दछ। हरेक वर्ष बाढी, पहिरो, डढेलो, असिनापात, चरम सुक्खा र असामान्य मौसमी घटनाबाट जनधनको ठूलो क्षति भोगिरहेको छ। हामी जिउँदो सङ्कटको भोगाइमा भएकाले जलवायु अनुकूलन र क्षति-नोक्सानी न्यूनीकरणभन्दा पनि तत्कालीन आवश्यकता हुन्।

सरकारले तयार पारेको एनडिसी हेर्दा 'भोगाइ' भन्दा 'देखाइ' लाई प्राथमिकता दिइएको देखिन्छ। तेस्रो एनडिसीको रणनीति हेर्दा नेपाल 'जलवायु हिरो' बन्ने दौडमा सहभागी भएको छ, तर आफ्ना नागरिकहरूको जीवन र जीविकाको सुरक्षा गर्ने दौडमा भने पछि परेको स्पष्ट छ। सरकारले जनताको जीवन र जीविकाभन्दा पनि विश्वसामु आफूले कार्बन उत्सर्जनमा गरेको न्यून योगदान शून्यमा झार्ने रणनीतिलाई प्राथमिकतामा राखेको छ। आफ्नो मुलुकका जनताको हितमा काम गर्नेभन्दा पनि नगरेको दोषको रोकथाममा बढी कार्ययोजना बन्नुले यसलाई महत्वकाङ्क्षी मान्न सकिन्छ।

एकातिर विकसित मुलुकहरूले विकासोन्मुख राष्ट्रहरूलाई सधैँ हरित अर्थतन्त्रको सल्लाह दिइरहन्छन्। अर्कोतर्फ, उनीहरू आफ्नै उत्सर्जन घटाउने प्रतिबद्धतामा पछि परेका छन्। अमेरिका, युरोपेली युनियन र चीन जस्ता मुलुकहरूले आजसम्म विश्वको करिब ७० प्रतिशतसम्म उत्सर्जन गरेका छन्, तर जलवायु वित्तको क्षेत्रमा उनीहरूको योगदान अपेक्षाकृत न्यून छ। सबैभन्दा बढी उत्सर्जनमा योगदान गरेका मुलुकहरूले त्यसलाई रोकथाम गर्ने विषयमो कार्ययोजना बनाउन नसकेको अवस्थामा नेपालले भने सबैभन्दा पहिला हुने नाममा जीवन र जीविकाको सुरक्षा गर्ने अनुकूलनका कार्यक्रमलाई न्यून प्राथमिकतामा राखेको छ। नेपालमा उत्पन्न भएको जलवायुजन्य जोखिमहरूका रूपमा थामेको बाढी, मनाङ, मुस्ताङको बाढी पहिरो, गत वर्ष असोजमा गएको बाढीपहिरोका घटनालाई लिनुपर्ने हुन्छ। यी र यस्ता घटनाको अनुसन्धान गरी जोखिम न्यूनीकरणभन्दा पनि अनुकूलनका कार्यक्रमलाई प्राथमिकतामा राखेर तत्काल कार्यान्वयनमा जानुपर्ने स्थिति रहेको छ।

विकसित मुलुकहरूले तय गरेका नीतिहरू चाहे त्यो पेरिस सम्झौताको 'भोलन्टरी' एनडिसी होस् वा ग्रिन क्लाइमेट फन्डको मोडालिटी, प्रायः विश्वका राष्ट्रहरूका लागि नीतिगत साँचो बनिरहेका छन्। तर जब त्यही मोडेल विकासोन्मुख राष्ट्रमा 'कपीपेष्ट' गरिन्छ, तब त्यो असमान शक्ति संरचना र स्रोतको सन्दर्भमा न्यायोचित हुँदैन। नेपालको तेस्रो एनडिसीमा उत्सर्जन न्यूनीकरणमा गरिएको ठूलो लगानीको कारण प्रस्ट हुन्छ कि यो एकातिर अन्तरराष्ट्रिय फन्डको आकर्षण हो भने अर्कोतर्फ विश्व मञ्चमा नेपालको 'हरित' प्रतिबद्धता देखाउने प्रयास हो। सरकारले आयोजना गर्न लागेको सगरमाथा संवादभन्दा अगाडि नै तेस्रो एनडिसी पेस गर्ने तयारी गरेको छ। यसमा पर्याप्त छलफल आवश्यक छ। अझ यसमा धेरै बहस चलाइनुपर्दछ। नेपालको अवश्यकताको विषयलाई प्राथमिकतामा राखिने व्यवस्था मिलाउनु आवश्यक छ।

नेपालका लागि अनुकूलन रणनीति कुनै वैकल्पिक नभई अस्तित्वको आवश्यकता हो। एनडिसी तेस्रोमा प्रस्तुत गरिएको अनुकूलन योजना व्यापक जस्तो देखिए पनि त्यसमा स्पष्टता, गम्भीरता र लगानीको अभाव प्रस्ट देखिन्छ। दस्तावेजमा उल्लेख भएजस्तै, कृषिमा जलवायु स्मार्ट प्रविधिको प्रयोग, वन व्यवस्थापनमा सामुदायिक सहभागिता, सहरी क्षेत्रको हरियालीकरण जस्ता उपायहरू आवश्यक छन्। तर यिनीहरूलाई कार्यान्वयन गर्न न त पर्याप्त स्रोत विनियोजन गरिएको छ, न त तिनको आन्तरिक समन्वय स्पष्ट छ। जलवायु असर सबैभन्दा बढी विपन्न, महिला, जनजाति, साना किसान, आदिवासी र अपाङ्गता भएका समुदायहरूमा पर्ने गर्दछ। तर त्यही वर्गका लागि लक्षित कार्यक्रमहरू अनिश्चित र छरिएका छन्। यस्तो बेला 'जलवायु न्याय' व्यवहारमा नभई केवल भाषणको मुद्दा बन्न पुग्छ।

अनुकूलन र न्यूनीकरण परस्पर विरोधी रणनीति होइनन्। तर नेपालले एनडिसी तेस्रोमा न्यूनीकरणलाई अतिरञ्जित प्राथमिकता दिएर नीतिगत सन्तुलन गुमाएको देखिन्छ। सन् २०३० भित्र ५० प्रतिशत नवीकरणीय ऊर्जा, २५ प्रतिशत विद्युतीय सवारीसाधन, १५ प्रतिशत हरित भवन निर्माणजस्ता लक्ष्यहरू महत्वाकाङ्क्षी छन्। तर जब यी लक्ष्यहरू हासिल गर्न ८० प्रतिशतभन्दा बढी बजेट छुट्याइन्छ, अनि जलवायु विपद्को तत्कालीन असरसँग लड्ने उपायहरू पछि परेका छन्। यसैकारण यो नीतिगत कार्ययोजना नै कमजोर हो भन्ने पुष्टि गर्दछ। नेपालजस्ता मुलुकका लागि जलवायु योजना प्रतिकात्मक अनुपालन मात्रमा सीमित नभई अस्तित्व उन्मुख हुनुपर्छ।

### जलवायु नेतृत्व कि अभिनय ?

नेपालले हालैका वर्षहरूमा जलवायु सम्मेलनहरूमा सक्रिय उपस्थिति देखाएको छ। ग्लासगोमा प्रधानमन्त्रीको भाषणदेखि लिएर अजरबैजानसम्मको प्रतिनिधिमण्डलमा उपस्थिति उल्लेखनीय थियो। तर त्यस्तो उपस्थितिले जब राष्ट्रिय नीतिमा मेल खान्न, तब त्यो 'अभिनय' को झल्को दिन थाल्छ। हरेक वर्ष वार्षिक भ्रमणमा निस्कने सरकारी प्रतिनिधिमण्डलले बढी प्रभावित भएको मुलुकको हैसियतमा नेतृत्व गरेर अगाडि बढ्न सकिरहेको छैन। सरकारले असम्बन्धित व्यक्तिहरूलाई भ्रमण गराउने कार्यक्रममा मात्रै सीमित भएको सम्मेलनहरूलाई फलदायी बनाउने र आफ्ना एजेन्डाहरूलाई विश्वका लिडरहरूको सामू निडर भएर राख्न सक्ने हुनु आवश्यक छ। हानि, नोक्सानी र क्षतिको व्यवस्थाका लागि मुलुकभित्र नै नीतिगत सुधार गरी अध्ययन अनुसन्धान गरिनुपर्नेमा सरकारले त्यसतर्फ कुनै चासो देखाएको छैन। वन तथा वातावरण मन्त्रालयका मन्त्री, सचिव, सहसचिवहरू विदेश भ्रमणमा मात्रै केन्द्रित हुने तर उपलब्धि शून्य हुने परिस्थिति रहेको छ। यो विगतदेखि नै चलिआएको चलन जस्तो भएको छ। हामीले यसलाई सुधार गरेर अगाडि बढ्नु आवश्यक छ। हामीले विश्वमा जलवायु जोखिम भएका मुलुकहरूको नेतृत्व गर्नेगरी अगाडि बढ्नु आवश्यक छ। अहिलेसम्म सरकारका तर्फबाट अभिनयमात्र भइरहेको छ।

'नेट शून्य उत्सर्जन' को लक्ष्य राम्रो छ, तर के त्यो उपलब्धि उन्मुख छ ? वा त्यो पनि 'अनुदान-उन्मुख' ? नेपालले यदि नेतृत्व दिन खोजेको हो भने त्यो व्यवहारमा देखिनुपर्छ। उदाहरणका रूपमा स्थानीय सरकारहरूलाई जलवायु नीति निर्माणमा अधिकार दिइएको छ वा छैन ? भन्ने विषयमा सोच्नुपर्दछ। स्थानीय सरकारले आफू अनुकूलको जलवायु नीति निर्माण गर्ने अधिकारभन्दा पनि सङ्घीय नीतिलाई नै अवलम्बन गर्नुपर्ने बाध्यता रहेको छ। अनुकूलन बजेट विपद्को जोखिमका आधारमा विभाजन गरिएको छ कि छैन ? भन्ने विषयलाई विशेष ख्याल राख्नुपर्दछ। हामीकहाँ मनसुनजन्य विपद्सँगै जलवायुजन्य जोखिम बढिरहेको छ। गत वर्षको असोजमा गएको बाढी पहिरोले ठूलो जनधनका क्षति पुगेको थियो। यसलाई कम गर्नेतर्फ स्थानीय सरकारलाई अधिकार प्रत्यायोजन गरी अनुकूलन बजेट प्रदान गरिनुपर्दछ। हानि तथा नोक्सानी कोषमा पहुँच सहज र पारदर्शी छ कि छैन ? भन्ने प्रश्नको उत्तर अस्पष्ट हुन्छ, तब सन्देशभन्दा बढी सङ्कल्प आवश्यक देखिन्छ।

एनडिसी तेस्रोको समावेशी प्रयासः आशा र चुनौतीबीच नेपालले जलवायु परिवर्तनसँग जुध्नका लागि यो एउटा रणनीतिक दस्तावेज हो जसमा उत्सर्जन न्यूनीकरण, जलवायु अनुकूलन, वित्तीय तथा संस्थागत प्रबन्धको खाका प्रस्तुत गरिन्छ। तर एनडिसी तेस्रोको चर्चा केवल कार्बन कटौतीमा सीमित छैन। यसले समावेशिता, सामाजिक न्याय र दिगो विकासलाई पनि केन्द्रीय विन्दु बनाउने सङ्केत दिएको छ।

एनडिसी तेस्रोले महिला, युवा, दलित, जनजाति र विपन्न समुदायको सशक्तीकरणलाई प्राथमिकतामा राखेको छ। योजनाको निर्माण र अनुगमन प्रक्रियामा उनीहरूको प्रतिनिधित्व सुनिश्चित गर्ने लक्ष्य राखिएको छ। जलवायु कार्यक्रमहरू सामुदायिकस्तरमै कार्यान्वयन गर्नुपर्ने स्पष्ट मान्यता दिइएको छ, जुन सैद्धान्तिक रूपमा जलवायु न्यायसँग मेल खान्छ। यसले जलवायु शिक्षालाई औपचारिक प्रणालीमा समावेश गर्ने प्रयास गरेको देखिन्छ। तर यसका लागि कार्ययोजना भने स्पष्ट रूपमा उल्लेख गरिएको छैन। विद्यालय तहदेखि नै जलवायु परिवर्तनसम्बन्धी शिक्षा समावेश गर्ने नीति राखिएको छ। वातावरणीय साक्षरता बढाउन पाठ्यक्रम, शिक्षक तालिम र शैक्षिक सामग्री विकास गरिने भनिए पनि यसको प्रत्युत्पादन कस्तो हुने भन्ने स्पष्ट बनाउनु आवश्यक छ। यसले दीर्घकालमा सचेत नागरिक निर्माणमा योगदान गर्नेछ।

ग्रामीण युवालाई लक्षित गर्दै हरित स्टार्टअप, बायो-फेर्टिलाइजर, सौर्य ऊर्जा, रिसाइकल उद्योग, पर्या-पर्यटनलगायतका क्षेत्रमा लगानी गर्ने नीति बनाइएको छ। निजी क्षेत्रलाई जलवायु स्मार्ट कृषि र नवीकरणीय ऊर्जा क्षेत्रमा आकर्षित गर्न कर छुट तथा वित्तीय प्रोत्साहनका कुरा गरिएका छन्। यसका लागि जलवायु न्यायप्रतिको नीतिगत स्वीकृति आवश्यक पर्दछ। जलवायु परिवर्तनको असर सबैलाई एउटै हुन्छ भन्ने दृष्टिकोणलाई अस्वीकार गर्दै एनडिसी तेस्रोले असमान असरको कुरा उठाएको छ। यो मान्यता नीतिगत तहमा समावेश हुनु आफैँमा सकारात्मक प्रगति हो। तर यी आशाहरू कार्यान्वयनमा भने शङ्का उत्पन्न हुन्छ। कार्यान्वयनका लागि आवश्यक पर्ने बजेट आन्तरिक बजेटको प्राथमिकतामा पर्न सकिरहेको छैन।

प्रदेश र स्थानीय तहमा कार्यान्वयन गर्ने जिम्मेवारी दिइए पनि त्यसका लागि स्पष्ट योजना, स्रोत र क्षमता विकास नहुँदा नीति 'थप बोझ' बन्ने खतरा छ। उदाहरणका लागि, जलवायु शिक्षा समावेश गर्ने भनिए पनि शिक्षा मन्त्रालय, विद्यालय प्रशासन र शिक्षकबीच तालमेल कसरी कायम गरिने भन्ने विषय स्पष्ट छैन। यसैगरी वित्तीय स्रोतको सीमितता पनि अर्को चुनौती हो। एनडिसी तेस्रोका लक्ष्यहरू पूरा गर्न ठूलो मात्रामा वित्तीय लगानी आवश्यक छ, तर सरकारले आन्तरिक स्रोतको सुनिश्चित नगरेको अवस्थामा अन्तरराष्ट्रिय सहायता र अनुदानमा मात्र भर पर्ने अवस्था छ। यसले नीति कार्यान्वयनलाई अनिश्चित र अस्थायी बनाउने जोखिम छ।

यसैगरी एनडिसी कार्यान्वयनमा स्थानीयताको अभाव स्पष्ट देख्न सकिन्छ। सबै प्रदेशमा एउटै रणनीति लागू गर्ने प्रवृत्तिले स्थान विशेषका आवश्यकतालाई बेवास्ता गर्ने खतरा छ। जस्तै, कर्णाली र सुदूरपश्चिममा पहुँच, विपद् जोखिम र गरिबीको स्वरूप फरक छ। त्यहाँको जलवायु नीति पनि त्यसैअनुसार हुनुपर्ने हो। समावेशी सहभागिता बोल्न भन्दा पनि कार्यान्वयनमा चुनौती देखिन्छ। नीतिमा सहभागिता भनिए पनि त्यो कागजी हो कि वास्तविक यो प्रश्न बहसमा नै छ। प्रतिनिधित्व मात्र हैन, निर्णय निर्माणमा प्रभाव पार्ने स्तरमा महिलाहरू, युवाहरू र दलितहरू छन् कि छैनन् नहेरी समावेशीता सुनिश्चित भएको मान्न सकिँदैन।

### कार्यान्वयनको यथार्थ : वित्त, समन्वय र क्षमता

एनडिसी तेस्रोको प्रभावकारिता तब मात्र मूल्याङ्कन गर्न सकिन्छ जब कार्यान्वयन पक्ष बलियो हुन्छ। तर यहाँ पनि केही चुनौतीहरू देख्न सकिन्छ। जलवायु परियोजनाहरूमा ८९ अर्ब डलर खर्चको अनुमान गरिएको छ, तर यो रकम कहाँबाट आउँछ भन्ने अझै अनिश्चित छ। आर्थिक व्यवस्थापनको विषयमा तयारी नगरी अगाडि बढ्न सकिने अवस्था छैन। स्थानीय तहहरूमा योजना निर्माण र कार्यान्वयनका लागि आवश्यक तालिमको अभाव छ। मन्त्रालयहरूबीच समन्वय कमजोर छ। मुलुकमा राजनीतिक अस्थिरताविना दीर्घकालीन योजना सम्भव हुँदैन।

*बाँकी तीन पृष्ठमा*

# शिक्षकलाई विद्यालय फिर्ताको वातावरण बनाउन सांसदको माग

काठमाडौं, १५ वैशाख (रासस)। सांसदहरूले काठमाडौंमा प्रदर्शनरत शिक्षकलाई विद्यालय फर्काउने वातावरण बनाउन सरकारको ध्यानाकर्षण गराउनुभएको छ। प्रतिनिधिसभाको सोमबारको बैठकको आकस्मिक समयमा बोल्दै उहाँहरूले शिक्षकको शान्तिपूर्ण प्रदर्शनमा भएको झडपको अवस्था आउनु दुःखद् पक्ष हो भन्दै शिक्षकहरूमाथि गरिएको अभद्र व्यवहार रोकिनुपर्ने धारणा राख्नुभयो।

साथै विद्यालय शिक्षा ऐन दिएर शिक्षकलाई विद्यालय फर्कने वातावरण बनाउन पनि सांसदहरूले सरकारसमक्ष माग गर्नुभएको छ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का सांसद जनार्दन शर्माले शिक्षकहरूको माग सम्बोधन गर्न सरकारले तदारूकता देखाउनुपर्ने धारणा राख्नुभयो। उहाँले शिक्षकहरूको शान्तिपूर्ण आन्दोलनमा आइतबार प्रहरीले पानीको फोहोरा र लाठी प्रहार गरेर दर्जनौं शिक्षकहरू घाइते भएको घटनाप्रति घोर भर्त्सना गर्दै राज्यले ऐन बनाएर शिक्षकको जायज माग पूरा गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले विगतमा सरकार र शिक्षकहरूबीच भएको सम्झौता कार्यान्वयन गर्न माग पनि गर्नुभयो।

माओवादीकै छिरिङ डम्डुल लामा (भोटे) ले हुम्लामा हालैको वर्षापछिको बाढीले जिल्लाका विभिन्न क्षेत्रमा ठूलो नोक्सानी भन्दै पीडितलाई राहत र क्षतिपूर्तिको माग गर्नुभयो।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद सुमना श्रेष्ठले शिक्षकहरूको न्यायोचित माग तत्काल पूरा गर्न सरकारसमक्ष माग गर्नुभयो। शिक्षकहरूको विरोध प्रदर्शनले बालबालिका विद्यालय शिक्षा पाउनबाट वञ्चित रहेको भन्दै चाँडो शिक्षकहरूलाई विद्यालय फिर्ता पठाउने वातावरण सिर्जना गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो। साथै उहाँले पत्रकारमाथि भएको आक्रमणको निन्दा गर्नुभयो।

राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद रोशन कार्कीले शिक्षकमाथि भएको दमन, पानीको फोहोरा र कुटपिटजन्य घटना दुःखद रहेको भन्दै शिक्षकको माग पूरा गर्न सरकारसमक्ष माग गर्नुभयो। उहाँले शिक्षक आन्दोलनका क्रममा पत्रकारमाथि आक्रमण भएको निन्दा व्यक्त गर्नुभयो। साथै आवासीय चिकित्सकको जायज माग यथाशीघ्र सम्बोधन गर्न पनि माग गर्नुभयो।

नेकपा (एमाले) का सांसद सूर्यबहादुर थापा क्षेत्रीले शिक्षक आन्दोलनका क्रममा आइतबार भएको घटनाप्रति दुःख व्यक्त गर्दै यस्ता घटना दोहोरिन नदिन सरकारसमक्ष माग गर्नुभयो। प्रहरी र शिक्षक दुवै राष्ट्रसेवक भएको जुनसुकै पक्षबाट भएको दमन राम्रो नभएको भन्दै शिक्षकहरूलाई संयमित भएको आफ्ना घोषित कार्यक्रम अगाडि बढाउन तथा सुरक्षाकर्मीलाई पनि संयमित भएर प्रस्तुत हुन ध्यानाकर्षण गराउनुभयो। उहाँले विद्यालय शिक्षा ऐनको प्रगतिबारे संसदलाई शिक्षामन्त्रीले जानकारी गराउन माग गर्नुभयो।

आम जनता पार्टीका सांसद प्रभु साहले गएरातिको हावाहुरीसहितको असिनापानीले मधेस प्रदेशको बारा, रौतहटलगायत जिल्लामा मकैबाली, आँपलगायत उत्पादन नष्ट भएको, बिजुलीका पोल ढलेर विद्युत् र सञ्चार प्रभावित भएको भन्दै पीडित किसानलाई राहत र अवरूद्ध सेवा चाँडो सञ्चालन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

स्वतन्त्र सांसद डा अमरेशकुमार सिंहले सर्लाहीको बसबरियास्थित विद्यालयको व्यवस्थापकीय सुधारमा ध्यान दिन आग्रह गर्नुभयो। सांसद रणेन्द्र बरालीले शिक्षकको माग सम्बोधन गर्न तथा दलितमाथि भइरहेको भेदभावजन्य घटनाको अन्त्य गर्न माग गर्नुभयो। सांसद कान्तिका सेजुवालले शिक्षकहरूको शान्तिपूर्ण आन्दोलनमा घाइते शिक्षक र सुरक्षाकर्मीको शीघ्र स्वास्थ्यलाभको कामना गर्नुभयो।

# चिकित्सा शिक्षा आयोगको बैठक : आवासीय चिकित्सकको आन्दोलन फिर्ता गर्न आग्रह

काठमाडौं, १५ वैशाख (रासस)। प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षतामा सोमबार बसेको चिकित्सा शिक्षा आयोगको १९औं बैठकले निजी मेडिकल कलेजले आवासीय चिकित्सकका लागि निर्णय भएको मितिदेखि नै वृद्धि गरिएको निर्वाह भत्ता दिनुपर्ने तथा आवासीय चिकित्सकले आन्दोलन फिर्ता गरी आफ्ना काम र अध्ययनमा फर्कनुपर्ने निर्णय गरेको छ।

आयोगको गत माघ २५ गते बसेको १६औं बैठकले निजी मेडिकल कलेजले सरकारीसरह पिजीका आवासीय चिकित्सकलाई मासिक रु ४८ हजार ७३७ निर्वाह भत्ता दिनुपर्ने निर्णय गरेको थियो। बैठकले निजी मेडिकल कलेजको मागलाई समेत ध्यानमा राखेर स्नातक एमबिबिएस तथा बिडिएसको सिट सङ्ख्या र शुल्क संरचना पुनरावलोकन गर्न गठित ११ सदस्यीय कार्यदलले सुझावसहितको प्रतिवेदन स्वीकार गरेको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा भएको बैठकमा आयोगका अध्यक्ष प्रधानमन्त्री ओलीसमक्ष कार्यदलका संयोजक शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव डा दीपक काफ्लेले प्रतिवेदन हस्तान्तरण गर्नुभयो। प्रतिवेदनले चिकित्सा शिक्षा ऐन, २०७५ को व्यवस्थाबमोजिम प्राविधिक समिति गठन गरी स्तर र मापदण्ड निर्धारणका अधारमा सिट सङ्ख्या तथा शुल्क पुनरावलोकनका लागि बाटो खुलेको छ। सोका लागि ऐनबमोजिम आयोगको योजना, समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालयका प्रा डा सुजनबाबु मरहट्टाको संयोजकत्वमा प्राविधिक समिति गठन भएको छ। समितिमा विज्ञका तर्फबाट प्रा डा दिव्या सिंह शाह, वरिष्ठ चार्टर एकाउन्टेन्ट महेश गुरागाईं, निजी मेडिकल कलेजका तर्फबाट चार्टर एकाउन्टेन्ट सन्तोष खनाल, शिक्षा, स्वास्थ्य र अर्थ मन्त्रालयका उपसचिवहरू रहनेछन्।

एसोसिएसन अफ प्राइभेट मेडिकल तथा डेन्टल कलेजले स्रोतको सुनिश्चितता नभएकाले आवासीय चिकित्सकलाई सरकारीसरह निर्वाह भत्ता उपलब्ध गराउन आनाकानी गरेपछि प्रधानमन्त्री ओलीको अग्रसरतामा यसबीचमा आयोगका तीन बैठक बसी समाधान निकालिएको हो। बैठकपछि आयोगका सहअध्यक्ष शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री रघुजी पन्तले निजी मेडिकल कलेजले १६औं बैठककै मितिदेखि निर्वाह भत्ता दिनुपर्ने निर्णय गरेकाले आवासीय चिकित्सक आन्दोलनबाट फिर्ता हुनुपर्ने बताउनुभयो। उहाँले शुल्क पुनरावलोकनका लागि पनि प्रक्रिया सुरु हुने बताउनुभयो।

***'एनडिसी तेस्रो' : ...***

**विकल्प र सुझावहरू :**

सम्भाव्य सुधारका बाटाहरू खोज्नु आवश्यक छ। नेपालले एनडिसी तेस्रोलाई जलवायु न्यायको वास्तविक दस्तावेज बनाउने हो भने आवश्यक सुधार कार्यक्रम ल्याउनु आवश्यक छ। अनुकूलन, न्यूनीकरण र हानी नोक्सानीबीच समानुपातिक प्राथमिकता निर्धारण गर्नुपर्दछ। यस्तै जलवायु वित्तीय योजना पारदर्शी, समावेशी र नतिजामुखी बनाउन सरकारले पहल गर्नुपर्दछ। स्थानीय सरकार र समुदायलाई क्षमता अभिवृद्धि र बजेट स्वामित्व दिने काम हुनुपर्दछ। सङ्घीयता कार्यान्वयनका लागि पनि यो अत्यावश्यक छ। सरकारले अनुदान वा ऋणमा आधारित योजनाभन्दा स्वदेशी स्रोत र हरित नवप्रवर्तनको उपयोगमा जोड दिनुपर्ने हुन्छ। सरकारले सन्देश दिने नभई परिणाम देखाउने व्यवहारमा परिवर्तन विशेषत: नीति कार्यान्वयनमा विशेष ध्यान दिनु आवश्यक छ।

'हामी पनि जलवायु समाधानको हिस्सा बन्न तयार छौं' भन्ने सन्देश नेपालले आफ्नो एनडिसी तेस्रोमार्फत अन्तरराष्ट्रिय समुदायलाई दिएको छ। तर यो सन्देश वास्तविकताभन्दा छवि केन्द्रित भयो भने त्यसले जलवायु न्यायलाई कमजोर बनाउँछ। जलवायु सङ्कट केवल एक पर्यावरणीय मुद्दा मात्रै होइन। यो त सामाजिक, आर्थिक र राजनीतिक न्यायसँग गाँसिएको मुद्दा हो। नेपालले यदि साँच्चिकै जलवायु नेतृत्व लिन खोजेको हो भने, त्यो नेतृत्व दस्तावेजबाट होइन, व्यवहारबाट प्रमाणित हुनुपर्छ। हामीले अब चुप लाग्ने होइन, आफूभित्र हेर्ने र सन्तुलन मिलाउने समय हो। जलवायु सङ्कट हाम्रो छालामा छ। खोला, गाउँ, खेत, बस्तीमा छ। त्यसलाई गन्ने होइन, बुझ्ने र सामना गर्ने नीति बनाऔं। (लेखक वातावरण पत्रकार हुनुहुन्छ)


नेपाल सरकार

भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय

भूमि व्यवस्थापन तथा अभिलेख विभाग

भूमि सुधार तथा मालपोत कार्यालय सप्तरी,राजविराज

मिति :-२०८२/०१/०८

**विषय:- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना।**

यसमा २००४ सालको जमाबन्दी श्रेस्ता बमोजिम रैती नं. १७ झवर लाल देव वैश्यको नाममा दर्ता रहेका साबिक प्रगन्ना पकरी मौजे मुसहर्निया सा.कि.नं. ५०२ को ज.बि. ०-१९-३ मध्ये ०-५-० हाल तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरी पाउँ भनी जिल्ला सप्तरी गा.बि.स बिषहरीया बडा नं.८ हाल राजबिराज न.पा. बडा नं. १३ बस्ने-झवर लाल देवको नाति/बुहारी बिहारी लाल देवको छोरा/बुहारी जागेश्वर प्रसाद देव-१, नागेश्वर प्रसाद देवको पत्नी हरि कुमारी देवी-१ समेत २ को यस कार्यालयमा द.नं. ९०३८ मिति २०८१/०९/२१ गतेमा माग निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्ने मिति २०८२/०१/०८ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति बिशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, ढगर; बाटो, ऐलानी, प्रति, गोचर, समसानघाट, पैनी, पौवा, पोखरीको डिल, पोखरी, पानीघाट, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला। म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ। यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

तपसिल

| साबिक कि.नं. | साबिक दर्तावाला | गा.बि.स. | वार्ड नं. | हालको कि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ५०२ | झवर लाल देव वैश्य | देउरी भरुवा | ९ | १६१ | ०-५-० | जागेश्वर प्रसाद देव हरि कुमारी देवी | यो जग्गा फिल्डबुकको ज.ध. महल खाली, किसान को महल खाली, किसानको व्यहोरा महल खाली, कैफियत महलमा यो जग्गामा पं. देउरी भरुवा वाड नं. ९ बस्ने बिहारीको नम्बरी हो लेखेको। |

२०८२/०१/०८

प्रमुख मालपोत अधिकृत


# विश्व समाचार

## भारतमा पाकिस्तानका १६ युट्युब च्यानल प्रतिबन्धित, बीबीसीलाई औपचारिक पत्र

नयाँ दिल्ली, १५ वैशाख (रासस/एएनआई)। भारत सरकारले पहलगाममा भएको आतङ्कारी आक्रमणपछि भारत र सुरक्षासम्बन्धी संस्थामाथि झुट्टा र उक्साहपूर्ण सामग्री प्रसारण गरेको आरोपमा पाकिस्तानका १६ युट्युब च्यानलमा रोक लगाएको छ। ती च्यानलहरूमध्ये डन न्युज, एआरवाई न्युज, जिओ न्युजजस्ता चर्चित नामहरू पनि छन्, जसको कूल दर्शक सङ्ख्या ६ करोड ३० लाखभन्दा बढी रहेको छ।

गृह मन्त्रालयको सिफारिसमा गरिएको यस कदमसँगै सामाजिक सञ्जालमा फैलिएको भ्रमपूर्ण सामग्रीमाथि पनि कारबाही गरिएको छ। पहलगाम घटनालाई लिएर गलत प्रस्तुति दिएको भन्दै बीबीसी भारत कार्यालयलाई सरकारी पक्षबाट औपचारिक पत्र पठाइएको छ। अप्रिल २२ गते पहलगामस्थित बाइसरण क्षेत्रमा भएको गोलीकाण्डमा २६ पर्यटकको मृत्यु भएको थियो। उक्त घटनाको अनुसन्धान राष्ट्रिय अनुसन्धान संस्था (एनआईए) ले गरिरहेको छ। घटनामा संलग्न पाँच जनामध्ये तीन जना पाकिस्तानका र दुई जना स्थानीय भएको खुलेको छ। सरकारले देशको सुरक्षामाथि असर पार्ने गलत प्रचारप्रति कडा कदम चालेको जनाइएको छ।

## आइसीआरसी निर्देशकद्वारा गाजामा युद्ध पुनः सुरु भएकोमा चिन्ता व्यक्त

डोहा, १५ वैशाख (रासस/एएफपी)। अन्तर्राष्ट्रिय रेड क्रस समिति (आईसीआरसी) का निर्देशक पियरे क्राहनबुलले सोमबार गाजामा युद्धको पुनः सुरुवातसँगै 'नयाँ नरक' को थालनी भएको बताउनुभएको छ। उहाँले भन्नुभयो, "गाजा अहिले धेरै समस्याहरूको सामना गर्दै छ। युद्धविरामले मानिसहरूलाई राहत दिएको जस्तो लाग्यो, तर अब स्थिति अझै खराब भएको छ।"

"यसमा इजरायलका बन्धकहरूको परिवारको दुख र गाजामा ४०० भन्दा बढी सहायताकर्मी र एक हजार स्वास्थ्यकर्मीको मृत्यु पनि छ," उहाँले थप्नुभयो। "यो सङ्कट र अमानवीकरण धेरै वर्षसम्म हामीलाई असर गर्नेछ," क्राहनबुलले भन्नुभयो। युद्धविराम जनवरी १९, सन् २०२५ मा लागू भएको थियो, जसले १५ महिना लामो लडाइँलाई रोक्न प्रयास गरेको थियो। तर, मार्च १८, सन् २०२५ मा इजरायलले आफ्नो सैन्य आक्रमण पुनः सुरु गर्‍यो। गाजा स्वास्थ्य मन्त्रालयका अनुसार युद्ध सुरु भएदेखि ५२ हजार २४३ जनाको मृत्यु भएको छ।

## इरानको बन्दरगाहमा भएको विस्फोटमा मृत्यु हुनेको संख्या ४६ पुग्यो : मिडिया

तेहरान (इरान), १५ वैशाख (रासस/एएफपी)। इरानको राजी बन्दरगाहमा शनिबार भएको विस्फोटमा ज्यान गुमाउनेको सङ्ख्या ४६ पुगेको होर्मोजगन प्रान्तका सङ्कट व्यवस्थापन निर्देशक मेहरदाद हसनजादेहलाई उद्धृत गर्दै इरना समाचार एजेन्सीले जनाएको छ।

अधिकारीहरूले आगलागीमा एक हजार भन्दा बढी व्यक्तिहरू घाइते भएको बताएका छन्। हसनजादेहले अधिकांश घाईतेहरु उपचार पछि फर्किइएको तथा १३८ जना घाइतेहरू अझै अस्पतालमा उपचाररत रहेको उल्लेख गर्नु भएको छ।

इरानको सरकारी टेलिभिजनले आगलागीको फुटेज देखाउदै आगो पूर्ण रूपमा नियन्त्रणमा आएपछि क्षतिको मूल्याङ्कन गरिने जनाएको छ। आगो निभाउनको लागि अग्निनियन्त्रण यन्त्र (दमकल) तथा हेलिकप्टर परिचालन गरि रहेको टेलिभिजन फुटेजकमा देखाइएको छ।

बन्दरगाह स्थित भन्सार कार्यालयले विस्फोटको स्पष्ट कारण एकिन नभए ता पनि रासायनिक सामग्री भण्डारण डिपोमा आगलागी भएको हुन सक्ने जनाएको छ।

इरानका सर्वोच्च नेता अयातुल्ला अली खामेनीले घटनाको अनुसन्धान गर्न आदेश दिनु भएको छ।

सामाजिक सञ्जाल तथा सिसिटिभीमा देखाइएको भिडियोमा सानो आगो धुवाँको साथ घटना विस्तारै सुरु भएको देखाइएको छ। गोदामको छेउमा केही कन्टेनरहरू विचबाट सुरु भएको सानो आगोले ठुलो रुप लिएको देखाइएको छ।

राष्ट्रपति मसूद पेजेस्कियनले अब्बासमा घाइतेहरूलाई भेट्न अस्पतालमै पुगेको जनाइएको छ। अधिकारीहरूले यस क्षेत्रका सबै विद्यालय तथा कार्यालयहरू बन्द गर्न आदेश दिएका छन् भने बासिन्दाहरूलाई "अर्को सूचना नभएसम्म" सुरक्षित रहन आग्रह गरिएको छ।

रक्षा मन्त्रालयका प्रवक्ता रेजा तलाई-निकले यस क्षेत्रमा सैन्य इन्धन वा सैन्य प्रयोगका लागि कुनै आयात/निर्यात नगरिएको बताउनु भएको छ।

रूसले आगो नियन्त्रणको लागि सहयोग गर्न विशेषज्ञहरू पठाएको छ। अधिकारीहरूले सोमबार राष्ट्रिय शोकको घोषणा गरेका छन् भने बन्दरगाहको होर्मोजगन प्रान्तमा आइतबार देखि नै तीन दिनको शोक सुरु भएको छ।

तेहरानमा आयोजित उच्चस्तरीय वार्ताका लागि ओमानमा इरानी र अमेरिकी प्रतिनिधिहरू भेटवार्ता गर्दै गर्दा विस्फोट भएको थियो।

# शिक्षक आन्दोलनमा बल प्रयोग गर्नु राज्यको आतंक हो : राष्ट्रिय मुक्ति मोर्चा

**दैनिक समाचारदाता**
**राजविराज, १५ बैशाख ।**

राष्ट्रिय मुक्ति पार्टी नेपालले शिक्षकहरुको शान्तिपुर्ण आन्दोलनमा प्रहरी प्रशासनद्वारा गरिएको अत्यधिक दमन र बल प्रयोगलाई राज्यको आतंकको संज्ञा दिएको छ ।

पार्टीका अध्यक्ष राजेन्द्र महतोद्वारा सोमबार जारि विज्ञप्तिमा आइतबार शिक्षकहरुको शान्तिपूर्ण आन्दोलनक क्रममा पाँच दर्जन भन्दा बढी शिक्षक र पत्रकार घाइते बनाउनु लोकतान्त्रिक मुलुकको निम्ति अत्यन्त दुर्भाग्यपूर्ण र दुखको विषय भएको बताउँदै राज्य आतंक र कुकृत्यको भत्सर्ना गरिएको छ ।

जारि विज्ञप्तिमा सामुदायिक विद्यालयका लाखौं विद्यार्थीको भविस्य बिग्रिरहदा सरकार गम्भीर नहनु, माग पुरा गर्नमा उदासिनता देखाउनु र उल्टै शिक्षकहरुको शान्तिपुर्ण आन्दोलन माथि प्रहार गर्नुले सरकारको अत्याचार, निरंकुशता र दमनकारी चरित्रको उजागर भएको छालोकतान्त्रिक मुलुकमा यसखाले गतिविधिलाई कुनै पनि हालतमा स्वीकार गर्न नसकिने उल्लेख छ ।

समाजलाई अन्धकारबाट मुक्ती दिलाउने शिक्षकहरु एक्लो नरहेको तथा उहाँहरुको जायज मागको साथमा सम्पुर्ण न्यायप्रेमी जनता रहेकोले निरीह र असहाय ठान्ने सरकारले भुल नगरोस् र यथाशीघ्र पीडित शिक्षकहरुको माग तत्काल सम्बोधन गर्नुका साथै घाइते शिक्षक तथा पत्रकारहरुको शीघ्र स्वास्थलाभको कामना गरिएको छ ।

“शिक्षहरुको न्यायोचित मागको लागि २७ दिनदेखी काठमाडौंको मुख्य सडकमा अध्यापन कार्यलाई रोकी गरिएको जारी आन्दोलनले एउटा महत्वपूर्ण प्रश्न के उजागर गरेको छ भने उहाँ अधिकतर शिक्षहरु अहिलेकै सत्तासीन प्रमुख दलमै आवद्ध हुनुहुन्छ र उहाँहरुकै सरकार छ र पनि हकहितको निम्ति संघर्ष गर्नुपरेको छ । र उहाँहरुकै सरकारले माग पनि सम्बोधन गरिरहेको छैन र उल्टै दमनमा उत्रेको छ । त्यसकारण यस्तो परिस्थितिमा या त उहाँहरुले सरकारको विरुद्धमा आन्दोलन गर्न छोड्नु पर्यो या त अधिकांश शिक्षकहरु आफुहरु आवद्ध रहेको कांग्रेस, एमाले पार्टीको आवद्धता त्याग्नु पर्यो । किनभने समाजलाई दिशा निर्देश गर्ने शिक्षकहरुको आन्दोलन माथि तीव्र रुपमा असन्तोष र प्रश्नहरु जनमानसमा उठ्न थाल्नु शिक्षकहरुको लागि चिन्तनको विषय हो । र पनि आन्दोलनरत पक्षहरुको माग तत्काल सम्बोधन हुनुपर्छ भने हाम्रो मान्यता हो ।” विज्ञप्तिमा उल्लेख छ ।

# संघीयता विरोधीले संघीयताविरुद्ध दुष्प्रचार गर्दैछन् : मुख्यमन्त्री सिंह

**दैनिक समाचारदाता**
**महोत्तरी, १५ बैशाख ।**

मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले सङ्घीयताका विरोधीहरूले सङ्घीयताविरुद्ध दुष्प्रचार गरिरहेको आरोप लगाएका छन् ।

मधेस प्रदेश सरकारका भौतिक पूर्वाधार विकास मन्त्रालयको आयोजनामा महोत्तरीको बर्दिबासमा आयोजित ‘सङ्घीयतामा पूर्वाधार विकासको महत्व, सम्भावना र चुनौती तथा अन्तरप्रदेशीय एकता र भिन्नता’ कार्यक्रममा मुख्यमन्त्री सिंहले यस्तो आरोप लगाएका हुन् ।

सङ्घीयतालाई मन नपराउने केही व्यक्ति र सङ्घसंस्थाले सङ्घीयताको दुष्प्रचार गरिरहेको बताउँदै उनले संघ, प्रदेश र स्थानीय तहमा सङ्घीयता आउनुपूर्व कुनै पनि विकासका ठोस पूर्वाधार नरहेको तथा सङ्घीयता आइसकेपछि विभिन्न प्रदेश र स्थानीय तह हुँदै देशभरि नै विकासका लहर आएको बताए ।

मुख्यमन्त्री सिंहले सङ्घीय सरकारद्वारा ठेक्का लगाइएका विभिन्न विकास योजना निर्माण व्यवसायीले अधुरै छाडेका कारण प्रदेश तथा स्थानीय तहद्वारा गरिएका विकासका कामको प्रभावकारिता नदेखिएको उल्लेख गर्दै उनले सङ्घीय सरकारलाई त्यस्ता निर्माण व्यवसायीलाई तत्काल आफ्नो काम पूरा गर्नका लागि कडाइका साथ निर्देशन दिन आग्रह गरे ।

सङ्घीय सरकारद्वारा ठेक्का लगाइएका ठूला योजना समयमै पूरा गरिएमा जनताले विकासको अनुभूति गर्न पाउने तथा समग्रमा राष्ट्रले विकासमा फड्को मार्ने मुख्यमन्त्री सिंहको भनाइ थियो । यस कार्यक्रमबाट मधेस प्रदेश सरकारलाई आगामी दिनमा विकासका कदम चाल्न मद्दत पुग्ने उनले बताए ।

# तीनकुने घटनामा सह-महामन्त्रीका छोरा पक्राउ भन्ने समाचारमा कुनै सत्यता छैनः प्रहरी

काठमाडौं, १५ बैशाख (रासस) ।

जिल्ला प्रहरी परिसर काठमाडौंले विभिन्न सञ्चार माध्यमहरूबाट तीनकुने घटनामा नेपाली काग्रेसका सह-महामन्त्रीको छोरा पक्राउ गरी बिना कारवाही छाडिएका भन्ने प्रेषित समाचारहरूमा कुनै सत्यता नरहेको स्पष्ट पारेको छ ।

परिसरका प्रवक्ता एवं प्रहरी उपरीक्षक अपिलराज बोहराले आइतबार जारी विज्ञप्तिमा तीनकुने घटनामा नेपाली काग्रेसका सह-महामन्त्रीको छोरा पक्राउ गरी बिना कारवाही छोडिएको भन्ने प्रेषित समाचारमा यस कार्यालयको गम्भीर ध्यानाकर्षण भएको उल्लेख छ ।

“सो सन्दर्भमा, त्यस्तो कुनै पनि व्यक्तिलाई यस परिसर तथा मातहत कार्यालयहरूबाट नियन्त्रणमा लिइएको भन्ने समाचारमा कुनै सत्यता नरहेको व्यहोरा सम्पूर्णमा जानकारी गराइन्छ”, विज्ञप्तिमा भनिएको छ ।

# स्वास्थ्य उपकरण खरिदमा भ्रष्टाचार अभियोगमा मुद्दा दायर

काठमाडौं, १५ बैशाख (रासस) ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मधेश प्रदेश सामाजिक विकास मन्त्रालय प्रदेश जनस्वास्थ्य प्रयोगशालाको स्वास्थ्य उपकरण खरिदमा भ्रष्टाचार भएको अभियोगमा तत्कालीन सचिव, निर्देशकलगायतका विरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

आयोगले मधेश प्रदेशको सामाजिक विकास मन्त्रालयका तत्कालीन सचिव इमनारायण श्रेष्ठ, लेखा अधिकृत नविन दास र तत्कालीन वरिष्ठ स्वास्थ्य प्रशासक मुक्तिनारायण साह विरुद्ध रु २१ करोड ८९ लाख ३९ हजार ७८० बराबरको बिगो माग दाबी गरेको छ ।

त्यसैगरी प्रदेश जनस्वास्थ्य प्रयोगशाला जनकपुरधामका तत्कालीन निर्देशक डा श्रवणकुमार मिश्र, वरिष्ठ ल्याब टेक्निसियन गुणानन्द प्रसाद साह, टेक्नोलोजिस्ट मनमोहन मिश्र र ल्याब टेक्नोलोजिस्ट रामउदगार साह विरुद्ध पनि रु २१ करोड ८९ लाख ३९ हजार सात सय ८० बराबरको बिगो माग दाबी गरिएको छ ।

माइक्रोबायोलोजिस्ट जितेन्द्रकुमार साह, अमरेन्द्रकुमार मिश्र, मेडिकल ल्याब टेक्नोलोजिस्ट दिपेन्द्रकुमार मिश्र, ल्याब असिस्टेन्ट रमेशकुमार मण्डल, कर्मशील प्रसाद गोप, उमेश चौधरी र लेखा अधिकृत अमरदीप महतो विरुद्ध पनि समान रु २१ करोड ८९ लाख ३९ हजार ७८० बराबरको बिगो माग दाबी गरिएको छ ।

सामान आपूर्तिकर्ता हस्पिटेक इन्टरप्राइजेजका सञ्चालक विशाल पण्डित विरुद्ध रु २१ करोड ८९ लाख ३९ हजार सात सय ८० बराबरको बिगो माग दावी गरिएको आयोगका प्रवक्ता राजेन्द्रकुमार पौडेलले जानकारी दिनुभयो ।

सोही मुद्दामा आयोगले फरक फरक रुपमा विभिन्न चार वटा मुद्दा दायर गरेको छ । आयोगले मधेश प्रदेश सामाजिक विकास मन्त्रालयका तत्कालीन सचिव इमनारायण श्रेष्ठ, हस्पिटेक इन्टरप्राइजेजका सञ्चालक विशाल पण्डित समेत १५ जना र हस्पिटेक प्रालिका विरुद्ध रु १९ करोड ४६ लाख १३ हजार एक सय २० बराबरको बिगो माग दावी गरेको छ ।

मधेश प्रदेशका विभिन्न ६४ वटा स्थानीय तहमा जनस्वास्थ्य प्रयोगशाला निर्माणका लागि खरिद गरिएको उपकरणमा पनि चरम भ्रष्टाचार भएको भन्दै आयोगले रु पाँच करोड एक लाख ९० हजार ८० बराबरको बिगो दाबी गर्दै मुद्दा दायर गरेको छ ।

# विद्युत् आपूर्तिमा समस्या छैन, ‘लोडसेडिङ’ हुँदैन : प्राधिकरण

काठमाडौं, १५ बैशाख (रासस) ।

नेपाल विद्युत् प्राधिकरणले विद्युत् आपूर्तिसम्बन्धी सामाजिक सञ्जालमा फैलिएको भ्रमप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

प्राधिकरणले आइतबार एक विज्ञप्ति जारी गरी विद्युत् आपूर्तिमा कुनै पनि समस्या नरहेकाले ‘लोडसेडिङ’ सम्भावना नरहेको स्पष्ट पारेको हो । प्राधिकरणले सामाजिक सञ्जालमा फैलिएका अतिरञ्जित हल्ला भ्रामक भएको भन्दै हाल लोडसेडिङ नभएको र आगामी दिनमा पनि घरायसी ग्राहकका लागि लोडसेडिङ नहुने स्पष्ट पारेको हो । औद्योगिक क्षेत्रका ग्राहकलाई बेलुकाको समयमा खपत कम गरेर सहयोग गर्न प्राधिकरणले अनुरोधसमेत गरेको छ ।

प्राधिकरणका अनुसार हाल देशभर विद्युत्को जडित क्षमता तीन हजार ५१२ मेगावाट रहेको छ । यसमध्ये प्राधिकरणको स्वामित्वमा रहेका जलविद्युत् आयोजना ६६२ मेगावाट, सौर्य २५ मेगावाट, तापीय ५३ मेगावाट ( हाल बन्द), सहायक कम्पनीका आयोजना ६२३ मेगावाट तथा निजी क्षेत्रबाट उत्पादित दुई हजार १४९ मेगावाट रहेको छ ।

हाल आन्तरिक उत्पादन औसतमा एक हजार १७५ मेगावाट रहेकोमा, विद्युत्को उच्च माग ( पिक लोड) दुई हजार ७७ मेगावाट पुगेको प्राधिकरणले जनाएको छ । जसमध्ये एक हजार ५९३ मेगावाट उत्पादन सम्भव भएको र बाँकी माग भारतबाट आयात गरेर पूर्ति गरिएको छ ।

प्राधिकरणले गर्मीयाम सुरु भएसँगै भारतमा पनि माग बढेकाले रातिको समयमा मागअनुसार विद्युत् आयातमा केही चुनौती भए पनि घरायसी ग्राहकलाई चौबिसै घण्टा तथा उद्योगलाई पनि अधिकांश समयमा आपुर्ति गरिँदै आएको स्पष्ट पारेको छ ।

हालको मौसमका कारण कतिपय स्थानमा आँधीहुरी, चट्याङ र अविरल वर्षाले संरचनामा क्षति पुग्दा अस्थायी अवरोध हुनसक्ने प्राधिकरणले जनाएको छ । मर्मतसम्भार, भूमिगत लाइन विस्तार, सडक तथा खानेपानीको निर्माण कार्यका कारण पनि कतैकतै विद्युत् बन्द हुने अवस्था आउनसक्ने विज्ञप्तिमा उल्लेख छ ।

नेपालको नदीमा पानीको बहाव बढ्ने र भारतबाट पनि आपूर्ति सहज हुने अवस्था रहेकाले हालको समस्या चाँडै समाधान हुने विश्वास प्राधिकरणले लिएको छ । प्राधिकरणले उपभोक्तालाई धैर्य, सहयोग र सद्भावप्रति आभारसमेत व्यक्त गरेको छ ।

# नेपालमा कति छन् विद्यालय ?

काठमाडौं, १५ बैशाख (रासस) ।

नेपालको शिक्षा क्षेत्रमा विगतमा भएको लगानी र शैक्षिक पूर्वाधारको विकासबाट उल्लेखनीय उपलब्धि प्राप्त हुन थालेको छ ।

पूर्वप्राथमिक शिक्षामा कूल भर्नादर ८४ दशमलव ७ पुगेको छ भने प्रारम्भिक बाल विकासको अनुभवसहित कक्षा १ मा भर्ना हुने बालबालिको प्रतिशत ६६ दशमलव ९ पुगेको राष्ट्रिय योजना आयोगले जनाएको छ ।

आयोगका अनुसार, प्राथमिक तह कक्षा १ देखि ५, आधारभूत तह कक्षा १ देखि ८ माध्यमिक तह कक्षा ८ देखि १२ को खुद भर्नादर क्रमशः ९६ दशमलव ९ प्रतिशत ९२ दशमलव ७ प्रतिशत र ४६ दशमलव ४ प्रतिशत पुगेको छ ।

कक्षा ५ र कक्षा ८ सम्मको टिकाउ दर क्रमशः ८९ दशमलव ६ प्रतिशत र ७७ दशमलव ९ प्रतिशत रहेका जानकारी दिइएको छ । आधारभूत तथा माध्यमिक तहमा ७२ लाख १४ हजार ५२५ विद्यार्थी भर्ना भई अध्ययन गरिरहेको पनि आयोगले जानकारी दिएको छ । प्रारम्भिक बाल विकास शिक्षामा नौ लाख ७४ बालबालिका अध्ययनरत रहेका छन् । लैङ्गिक समता सूचकाङ्क आधारभूत तह र माध्यमिक तहमा क्रमशः ० दशमलव ९८ र १ दशमलव ०१ रहेको आयोगले जनाएको छ । विद्यालय दोहोऱ्याउने कक्षा १ देखि ५ सम्म आधारभूत तहमा ३ दशमलव ८ र कक्षा ६ देखि ८ सम्म ४ दशमलव ४ तथा कक्षा ९ र १० को माध्यमिक तहमा ३ दशमलव ७ मा झरेको छ ।

आयोगका अनुसार अहिले मुलुकभर सार्वजनिक र निजी लगानीमा गरी ३५ हजार ५५ वटा विद्यालय सञ्चालनमा छन् । अभिभावकको लगानी परिचालन गरी निजी क्षेत्रले नेपालको विद्यालय शिक्षामा करिब २३ प्रतिशत विद्यार्थीलाई सेवा प्रवाह गरिरहेको छ ।

विसं २०६८ को जनगणनामा १५ वर्षमाथिको जनसङ्ख्याको साक्षरता ५८ प्रतिशत रहेकोमा आव २०७४/७५ मा १५ देखि २४ वर्ष उमेर समूहको साक्षरता ८८ दशमलव ६ प्रतिशत पुगेको छ । हालसम्म ५१ जिल्ला सक्षर घोषणा भइसकेका आयोगद्वारा प्रकाशित प्रमुख आर्थिक सूचकको प्रयोग विधि पुस्तकमा उल्लेख छ ।

### सप्तरीका ५ ...

रुपैयाँ बराबरको अवैध कारोबार गरको सीआईबीका प्रवक्ता तथा एसपी सुधीरराज शाहीले बताए ।

भन्सार चोरी पैठारी, सुनको अवैध कारोबार र कर छली लगायतमा संलग्न रहेका व्यक्ति तथा समूहले अवैध कारोबारबाट प्राप्त गरेको गैर कानुनी रकमलाई डिजिटल वालेट कम्पनीहरूको नाममा जम्मा गर्न लगाउने गरेको प्रहरीले बताएको छ । नगद नै रकम खातामा प्लेसमेन्ट समेत गर्न लगाउने गरेको प्रहरी बताउँछ ।

उक्त रकमलाई रेमिटेन्स भुक्तानी गर्न अनुमति लिएका मनी ट्रान्सफरहरूले डिजिटल वालेट कम्पनीमार्फत ई-मनी बनाइ उक्त रकमलाई रेमिटेन्स वापत भुक्तानी मिलाई अवैध कारोबार गरेको प्रहरीको भनाइ छ ।


भर्ना खुल्यो । भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥।

नयाँ वर्ष २०८२ को शुभकामनाका साथै यस

Wisdom School

Rajbiraj 2

राजदेवी चौकमा नयाँ शैक्षिक सत्र २०८२ को लागि धमाधम भर्ना खुल्यो

हाम्रो विशेषताहरु

– दक्ष अनुभवी शिक्षक तथा शिक्षिकाहरुद्वारा अध्यापन गराइने ।
– बालमैत्री शिक्षा अनुसार अध्यापन गराइने ।
– CC Camera को निगरानीमा पठनपाठन गराइने ।
– अतिरिक्त क्रियाकलाप साप्ताहिक गराइने ।
– प्रयोगात्मक तथा कम्प्युटर प्रयोगशालाको व्यवस्था भएको ।
– गरिब, दलित, शहिद परिवार तथा जेहेन्दार विधार्थीको लागि विशेष छुटको व्यवस्था
– कक्षामा प्रथम हुनेलाई ५० प्रतिशत, दोश्रोलाई ३० प्रतिशत र तेश्रोलाई २० प्रतिशत शुल्कमा छुट दिइने ।

प्रधानाध्यापक
Wisdom School, Rajbiraj 2
सम्पर्क नं. ०३१-५९०१९२, ९८१२०२२१३५, ९८०४७२६१९२


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*